***Humanities and Social Sciences Journal,*** Volume 13, Number 1, 2021, pp.*271–285*

# 'सुम्निमा' उपन्यासको समाजशास्त्र

**हरिप्रसाद सिलवाल***, **विद्यावारिधि**

## सारसङ्क्षेप

*प्रस्तुत अनुसन्धानात्मक लेख उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको सुम्निमा उपन्यासमा अभिव्यक्त समाजशास्त्रीय आयामको विश्लेषणमा केन्द्रित छ । यसअन्तर्गत सुम्निमा उपन्यासमा प्रयुक्त प्रजाति, क्षण र पर्यावरणको अभिव्यञ्जना के कसरी अभिव्यक्त छ भन्ने प्राज्ञिक समस्याको निरूपण गर्ने शोध उद्देश्य सम्पन्न गर्न पश्चिमी विद्वान् तेनले अघि सारेका साहित्यको समाजशास्त्रीय सिद्धान्तको उपयोग गरिएको छ । विश्लेषणात्मक विधिको उपयोग गरी गुणात्मक अनुसन्धानका रूपमा तयार गरिएको यस लेखमा पुस्तकालयीय विधिअन्तर्गत सङ्कलन गरिएका प्राथमिक र द्वितीयक सामग्रीको उपयोग गरिएको छ । विवेच्य उपन्यासको समाजशास्त्रीय अध्ययनबाट प्रजातिगत संरचनाअन्तर्गत आर्य र अनार्य समाज, संस्कृति र तिनका मूल्य मान्यताको सम र विषम संरचना व्यक्त गरिएको, भिन्न सांस्कृतिक चेतना र सामाजिक मूल्यबाट एकता तथा समन्वय उन्मुख विशिष्ट युगचेतनाको क्षणगत संरचना रहेको र प्रजातिगत पहिचान एवं प्राकृतिक, सामाजिक, सांस्कृतिक एकता र अनेकतामूलक वातावरणको मिश्रणले मानव सभ्यतामा संयोजनयुक्त विशिष्ट पर्यावरणको चित्रण गरिएको यस आलेखको प्राप्ति प्रस्तुत भएको छ ।*

*शब्दकुञ्जी* **:** क्षण, गणचिह्न, टोटेम, देहवाद, पर्यावरण, प्रजाति,

## विषय परिचय

विश्वेश्वरप्रसाद कोइरालाका (वि.सं.१९७१-२०३९)को *तीन घुम्ती (२०२५), नरेन्द्रदाइ (२०२६), सुम्निमा* (२०२७), *मोदिआइन (२०३६), हिटलर र यहुदी (२०४०), बाबु, आमा र छोरा (२०४५)* गरी जम्मा छ ओटा उपन्यासहरू प्रकाशित छन् । प्रस्तुत लेखमा उनको *सुम्निमा* उपन्यासलाई शोध अध्ययनको विषयका निम्ति चयन गरिएको छ । कोइरालाका

* उपप्राध्यापक, नेपाली विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल ।

समग्र उपन्यासमा वैयक्तिक र सामूहिक मानवीय संवेदनाको चित्रण पाइन्छ । उनको *सुम्निमा* उपन्यासमा सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक अभिव्यञ्जनाको संयोजन भएको छ । यस कृतिमा विशिष्ट सामाजिक परिवेश र सांस्कृतिक विचारलाई परिप्रेक्ष्य सापेक्ष बनाएर त्यसबाट प्रभावित मनोसंरचना, द्वन्द्वात्मकता र समन्वयको आवश्यकतालाई सुम्निमा र सोमदत्त लगायतका पात्रहरूका माध्यमबाट चित्रण गरिएको छ । यस लेखमा *सुम्निमा* उपन्यासको उक्त सन्दर्भलाई साहित्यको समाजशास्त्रीय मान्यताका आधारमा विश्लेषण गरिएको छ ।

आख्यानकार कोइरालाका औपन्यासिक कृतिहरूमाथि मनोवैज्ञानिक तथा वैचारिक आधारमा अनुसन्धानात्मक अध्ययनहरू भए पनि उनका आख्यानात्मक कृतिहरूको समाजशास्त्रीय दृष्टिले भने आंशिक रूपमा मात्र अध्ययन भएको देखिन्छ । उनका कृतिहरूमाथि अरू विविध पक्ष र कोणबाट अध्ययन भए तापनि साहित्यको समाजशास्त्रीय तथा समाजपरक दृष्टिले गरिएका अध्ययन चाहिँ नगण्य छन् (कोइराला, २०७१, पृ.१५२) । कोइरालाका साहित्य सिर्जनामा वैयक्तिक मनोविश्लेषण गहिरोसित अभिव्यञ्जित हुँदै सामाजिक आयामहरूको चित्रण पनि उल्लेखनीय र सान्दर्भिक रूपमा भएको छ । उनले फ्रायडीय मनोविश्लेषण सिद्धान्तको प्रयोगका साथै आफ्ना कृतिहरूलाई सामाजिक-सांस्कृतिक प्रभावयुक्त सन्दर्भबाट पनि व्यक्त गरेका छन् (गिरी, २०७३, पृ.१४) । उनको *सुम्निमा* उपन्यासको पनि मनोवैज्ञानिक र वैचारिक आधारमा शोध अध्ययनहरू भएका छन् । समाजशास्त्रीय दृष्टिले यस कृतिको शोध अध्ययन बाँकी रहेको छ । यस परिप्रेक्ष्यमा सो उपन्यासमा निहित समाजशास्त्रीय विषयवस्तुको शोधपरक खोज अनुसन्धानलाई प्राज्ञिक समस्या बनाउनु औचित्यपूर्ण रहेकाले प्रस्तुत लेखमा *सुम्निमा*को प्रजाति, क्षण तथा युगचेतना र पर्यावरणको निरूपण गर्ने उद्देश्य राखिएको छ । समाजशास्त्रीय दृष्टिमा रहेको शोध-अन्तरालको परिपूरणसहित यस विषयमा सम्पन्न गरिएको प्रस्तुत अनुसन्धान कार्यको प्राज्ञिक औचित्य स्पष्ट भएको छ ।

## सैद्धान्तिक पर्याधार एवं अध्ययन विधि

साहित्यको समाजशास्त्र साहित्यिक कृतिभित्र प्रयुक्त समाजका आयामहरूको अध्ययन गर्ने पश्चिमी समालोचना प्रणालीबाट विकसित सैद्धान्तिक अवधारणा हो । साहित्यिक कृतिभित्र समाजको खोजी र विश्लेषण गर्ने अन्तरविषयक समालोचना पद्धतिका रूपमा यसको प्रयोग भएको छ । यसले साहित्य र समाजबिचको सम्बन्धलाई स्पष्ट पार्दछ । साहित्यको समाजशास्त्रीय घटकहरूमध्ये प्रजाति, क्षण र पर्यावरणको उपयोग गरिएको छ । यसलाई साहित्यको समाजशास्त्रका त्रितत्त्व पनि भनिन्छ । यस अवधारणाका मुख्य संस्थापक फ्रान्सेली

समालोचक एवं इतिहासकार हिप्पोलाइट एडोल्फ तेन (सन् १८२८ अप्रिल २१ - १८९३ मार्च ५) हुन् । उनका दृष्टिमा कुनै साहित्यलाई त्यसभित्र रहेको प्रजाति, क्षण तथा युगचेतना र पर्यावरणका दृष्टिले अध्ययन गर्नु नै साहित्यको समाजशास्त्रीय समालोचना पद्धति हो । यी तिनै ओटा तत्त्वहरूको आपसी अन्तस्सम्बन्ध रहेको हुन्छ (तेन, सन् १८७१, पृ.११) । प्रजातिले मानिसको वंशज विशेषताका शारीरिक-मानसिक पहिचान, क्षण तथा युगचेतनाले मानिस बाँचेको समय एवं कुनै युगका मानिसमा रहेको चेतनाको स्वरूप र पर्यावरणले त्यो कालमा अवस्थित जलवायु, हावापानीका साथै सामाजिक, सांस्कृतिक परिवेशलाई बोध गराउँछ । तेनको समाजशास्त्रीय समालोचनात्मक मान्यताको समीक्षा गर्दै पाण्डेयले भनेका छन् "प्रजाति, परिवेश र युगबिचको क्रिया-प्रतिक्रियाबाट एक व्यावहारिक एवं चिन्तनशील मानसिक संरचना उत्पन्न हुन्छ" (सन् १९८९, पृ.१२४) । सोही मानसिक संरचनाले सार्थक विचार निर्माणमा भूमिका निर्वाह गर्दछ र लेखकले त्यसलाई साहित्यमा प्रतिबिम्बन गर्दछ । यसअनुसार साहित्यमा प्रयुक्त पात्रको प्रजातिगत विशेषता, ऊ बाँचेको पर्यावरणीय प्रभाव र सो युगको प्रभावमा उत्पन्न चेतना तथा विचारको त्रिपक्षीय सम्बन्धको अध्ययनलाई तेनको समाजशास्त्रीय मान्यताको रूपमा लिइन्छ । सिंहका अनुसार तेनले अघि सारेका प्रजाति अर्थात् वंशानुक्रम, शारीरिक संरचना, क्षण तथा युगचेतना र पर्यावरण अर्थात् जलवायु र सामाजिक परिवेशलाई परस्पर सम्बन्धयुक्त पक्षहरू मान्नुपर्छ (सन् २००७, पृ.२) । यिनमा एक अर्कालाई प्रभाव पार्ने कारक अन्तःसम्बन्ध रहेको हुन्छ । मानिसले अनुकूल र प्रतिकूल वातावरणमा जीवनको भोगाइ गर्दछ; साहित्यकार पनि त्यसकै एक सदस्य भएकाले साहित्य सिर्जनामा त्यसको प्रभाव परेको हुन्छ (सिलवाल, २०७४, पृ.७३) । साहित्य सिर्जनाका क्रममा लेखकमा पर्ने प्रजाति, क्षण तथा युगचेतना र पर्यावरणको सम्मिश्रित प्रभावका दृष्टिबाट कृतिको अध्ययन-विश्लेषण गर्नु तेनको साहित्यको समाजशास्त्रीय मान्यता हो । प्रस्तुत लेखमा *सुम्निमा* उपन्यासको विश्लेषणका निम्ति यही सैद्धान्तिक मान्यताको प्रयोग गरिएको छ ।

यस लेखमा पुस्तकालयीय विधिबाट प्राथमिक र द्वितीयक स्रोतका सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको अर्थापन तथा विश्लेषण गुणात्मक अनुसन्धानका आधारमा गरिएको छ । यसमा अन्तरविषयक शोध पद्धतिमा रही अनुसन्धान सम्पन्न गरिएको छ । यसमा कृति विश्लेषणअघि साहित्यको समाजशास्त्रका त्रितत्त्वलाई सैद्धान्तिक स्वरूपमा राखिएको छ । सो सैद्धान्तिक ढाँचा एवं आधारमा कृतिको अध्ययन-विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएकाले निगमनात्मक अनुसन्धान र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यसरी गरिएको विश्लेषणबाट आएको शोध उद्देश्यका प्राप्तिलाई चार ओटा लघु अनुच्छेदमा संश्लिष्ट गरी निष्कर्षीकरण गरिएको छ । यसको समष्टिगत संरचनालाई एपिए ढाँचामा प्रस्तुत गरिएको छ ।

# 'सुम्निमा' उपन्यासको समाजशास्त्रीय विश्लेषण

प्रस्तुत लेखमा *सुम्निमा* उपन्यासको समाजशास्त्रअन्तर्गत प्रजाति, क्षण तथा युगचेतना र पर्यावरणको परिप्रेक्ष्यलाई अध्ययन ढाँचाको रूपमा प्रस्तुत गरिएको छ । यस दृष्टिबाट सो कृतिको विश्लेषण गर्दा उपन्यास स्रष्टाले चित्रण गरेका दुई भिन्न सांस्कृतिक वृत्त र प्रवृत्तिको विशेषतायुक्त पात्रहरूको जाति तथा प्रजातिगत विशेषता, तिनको तत्कालीन युगचेतनाको स्वरूप र तिनको जीवन भोगाइका सापेक्ष प्राकृतिक र सामाजिक-सांस्कृतिक अवस्थालाई केन्द्रित गरिएको छ ।

## प्रजातिको परिप्रेक्ष्यमा 'सुम्निमा' उपन्यासको समाजशास्त्र

प्रजाति मानिसको वंशगत आधारमा छुट्टिने शारीरिक बनोट, भाषा तथा स्वर, रीतिरिवाज, खानपिन, सांस्कृतिक पहिचान, विचार, बसोवासको स्थानीयपन, संस्कारगत विशिष्टता, दृष्टिकोणको मौलिकता लगायत स्थूल र सूक्ष्म भिन्नताको अभिलक्षण हो (गुप्ता, सन् १९८९, पृ. ४१) । कुनै पनि साहित्यिक रचनामा प्रयोग भएका पात्रका माध्यमबाट यसको बोध हुन्छ । कहिलेकाहीँ स्रष्टाले व्यक्त गरेका कथनका आधारमा पनि प्रजातिगत सङ्केत प्रकट हुन्छ । साहित्यिक कृतिका पात्रको प्रजातिगत अभिलक्षणको अध्ययनमा पात्रको युगचेतना, प्राकृतिक अनि सामाजिक-सांस्कृतिक परिवेशको सन्दर्भ पनि सापेक्ष भएको हुन्छ । यी तीन ओटै पक्षहरूका बिचमा परस्पर सम्बन्ध रहेको छ । यस खण्डमा प्रजातिगत अवधारणाका दृष्टिले *सुम्निमा* उपन्यासको विश्लेषण गरिएको छ ।

*सुम्निमा* उपन्यासमा मूलतः अनार्य र आर्य प्रजातिको प्रतिनिधित्व गर्ने पात्रहरूको प्रयोग गरी सोही प्रजातीय सामाजिक, सांस्कृतिक मनोसंरचनालाई उद्घाटन गरिएको छ । प्रजातिगत अध्ययनका दृष्टिले *सुम्निमा* उपन्यास भिन्न सांस्कृतिक पात्रहरूको संयोजन, समन्वय र द्वन्द्वात्मक अवस्थासमेतको प्रयोगका कारण उल्लेखनीय एवं सान्दर्भिक रहेको छ । कक्षापतीका अनुसार *सुम्निमा* उपन्यासमा अनार्य जातिको प्रतिनिधित्व गर्ने पात्र सुम्निलाई नायिका र आर्य जातिको प्रतिनिधित्व गर्ने सोमदत्तलाई नायकको रूपमा चित्रण गरिएको छ (२०७३, पृ.३५२) । उपन्यासकारले प्रयोग गरेका अनार्य र आर्य मूलका पात्रहरूको अवस्थाले यस कृतिमा समान र असमान प्रजातिगत अभिलक्षणका चरित्रहरू अभिव्यञ्जित भएका छन् । यस कृतिमा विशेषतः सोमदत्त, ब्राह्मण दम्पती अर्थात् सोमदत्तका माता र पिता सूर्यदत्त, पुलोमा, पुलोमाका आमा-बुबा, विश्वामित्र ऋषि, राजकुमार वा राजपुत्र, विद्वान् महापण्डित, सोमदत्त र पुलोमाका छोरा, ब्राह्मणहरू, राजकुमारको अङ्गरक्षक अधिकारी, शिव, इन्द्र, राम, लक्ष्मण, गाउँलेहरू

जस्ता व्यक्तिहरूलाई आर्य प्रजातिगत समान अभिलक्षणसहित औपन्यासिक पात्रको रूपमा चित्रण गरिएको छ । साथै यस कृतिभित्र सुम्निमा, भिल्ल-केटो, भिल्ल-युवक, सुम्निमाको बुबा बिजुवा, सुम्निमाकी आमा, सुम्निमाकी छोरी यावा, किरात र भिल्ल क्षेत्रका गाउँलेहरू जस्ता अनार्य प्रजातिगत अभिलक्षणयुक्त पात्रहरूको चित्रण गरिएको छ । अनार्य र आर्य प्रजातिको पहिचान एवं अभिलक्षण बोध भएका सामाजिक-सांस्कृतिक संरचनालाई *सुम्निमा*को यस्ता संवादात्मक साक्ष्यद्वारा स्पष्ट पारिएको छ-

> एकछिनपछि सोमदत्तले प्रश्न गऱ्यो,- "हे कनकवदनी बालिके ! तिमी को हौ ?" बालिकाले निश्छल उत्तर दिई,-"म किराती छोरी हुँ- सुम्निमा । तिमी को हौ नि ए दुब्ला केटा ?" सोमदत्तले भन्यो,- "म आर्यवंशी ब्राह्मण सूर्यदत्तको पुत्र सोमदत्त हुँ ।" ..."तर सोमदत्त ! तिमीले आफ्नो नाउँ बताउँदा बाबुको नाउँ किन कह्यौ ?" सोमदत्तले उत्तर दियो,-"पुत्र पिताबाट जीवनदान ग्रहण गर्छ,"... ..."ल भन् तिम्रै भनाइले पनि त आमाले जन्माएको हुँदा आमाको मान गर्नुपर्थ्यो, हैन र ? त्यसैले हामी किराती पैले आमालाई चिन्छौँ, र उनले देखाएको मानिस हाम्रो बा हुन्छ ।" (पृ.६)

उपर्युल्लिखित अभिव्यक्ति सन्दर्भ उपन्यासकी नायिका सुम्निमा र नायक सोमदत्त-बिचमा परिचय आदान प्रदान गर्ने सिलसिलामा प्रस्तुत भएको छ । यसले विवेच्य उपन्यासको प्रजातिगत सामाजिक, सांस्कृतिक मनोसंरचनालाई प्रकट गरेको छ । साथै अनार्य प्रजातिमा माता संस्कृति एवं सत्ताप्रधान रहेको र आर्य प्रजातिमा पिता संस्कृति प्रधान रहेको सामाजिक-सांस्कृतिक संरचनालाई उक्त औपन्यासिक संवादले सङ्केत गरेको छ । माथि प्रस्तुत उपन्यासको साक्ष्यअनुसार सोमदत्तले आफ्नो वंशज प्रजातिसहित सूर्यदत्तको छोरो भनेर पिताको नाम र वंशजबाट आफूलाई परिचित गराएको छ । उक्त औपन्यासिक कथनले आर्य प्रजातिभित्र पितृप्रधान संस्कृति रहेको र वंशज-सन्तानको परिचय सोही दृष्टिले भएको सङ्केत पनि गरेको छ । आर्य जाति तथा प्रजातिको समुदायको प्राचीन भूगोल हिमाल र विन्ध्याचलका बिचको क्षेत्र रहेको अनि त्यस समाजमा पत्नीले पतिलाई आदरपूर्वक 'आर्यपुत्र' शब्दले सम्बोधन गर्ने भाषिक संस्कृति रहेको बोध हुन्छ (अधिकारी र भट्टराई, २०६६, पृ.८६) । *सुम्निमा* उपन्यासमा आर्य प्रजातिको पुरुषप्रधान सांस्कृतिक अनुभूतिको संरचनालाई विशेषतः सोमदत्तका संवादबाट उद्घोष गरिएको छ । सोमदत्तमार्फत व्यक्त सो कथनमा जीवनदाता पिता भएको उल्लेख हुनु र आफ्नो परिचयको अभिन्न अङ्गका रूपमा बुबाको नाम मात्रै उच्चारण गर्नुले सो प्रजातीय सांस्कृतिक प्रवृत्तिलाई प्रस्ट पारेको छ । यसका साथै माथि उल्लिखित औपन्यासिक साक्ष्यअनुसार नायिका सुम्निमालाई किरात एवं अनार्य प्रजातिको पहिचानयुक्त चरित्रको रूपमा प्रयोग गरिएको छ । सुम्निमाले

आफू किराती छोरी हुँ भनेर चिनाउनु, सोमदत्तले पिताको नामसहित परिचय दिएकोमा आश्चर्य र आशङ्का प्रकट गर्नु, सोमदत्तप्रति प्रतिवाद गर्दै आमाको सम्मान गर्नुपर्ने र आमाको तर्फबाट मात्रै आफू र आफ्नो बुबाको परिचय हुनुपर्ने तर्क राख्नुले ऊ अनार्य प्रजाति तथा किरातवंशी पहिचानमा प्रयुक्त चरित्र भएको स्पष्ट हुन्छ । सुम्निमाको उक्त कथनबाट अनार्य प्रजातिको मातृ संस्कृति प्रधान सामाजिक-सांस्कृतिक संरचना पनि साङ्केतिक रूपमा प्रतिबिम्बित भएको छ ।

*सुम्निमा* उपन्यासमा अभिव्यञ्जित प्रजातिगत अभिलक्षाणहरूलाई सूक्ष्म दृष्टिले केलाउँदा अनार्यअन्तर्गत पनि किरात र भिल्लको अलग अलग अवस्था रहेको देखिन्छ । तर तिनलाई स्थूल रूपमा पहिचान गर्दा आर्येतर प्रजातीय समुदायको सांस्कृतिक रिवाज प्रकट भएको छ । अथवा अनार्य प्रजातिअन्तर्गत पनि भिल्ल र किरात जस्ता दुई जातिको सूक्ष्म पृथक्ताको अभिव्यक्ति उपन्यासमा प्रकट गरिएको छ । यस सन्दर्भलाई स्पष्ट पार्ने *सुम्निमा* उपन्यासको साक्ष्य यस्तो रहेको छ-

> भिल्लहरूको चिल्लो कालो शरीर र किरातीहरूको पहेंलो शरीर, यी दुवै आफ्ना-आफ्ना जाति-समूह बनाएर आश्रमको दुई पार्श्वमा बस्दै गए । भिल्लहरूको लामो कपालमा मयूरपङ्ख मुकुट शोभित थिए, र छाती र कम्मरमा कौडीका झुप्पाहरू (पृ.९) । ...भिल्लसमूहबाट पनि एउटा भिल्ल उभियो । उसले भन्यो,-"त्यो माथिको सानो पहाडी थुम्कोमा हामी दुवै जातिको पूजा हुन्छ । त्यहाँ हामीले हाम्रो पूजाको नियमानुसार सुँगुरपाठा चढाउने गरेका छौँ । त्यो चढाउन पाएनौँ भने अन्धेर हुन्छ, राजपुत्र !" (पृ. ११)

*सुम्निमा* उपन्यासको उपर्युक्त कथनबाट अनार्य प्रजाति समुदायका किरात र भिल्ल दुई अलग अलग समूहको रूपमा रहेको स्पष्ट हुन्छ । प्रजातिको सैद्धान्तिक मान्यताले वंशज पहिचानभित्र फरक शारीरिक बनोट र फरक वेश धारण गर्नुलाई प्रजातीय मापनको आधार ठानेको छ । प्राचीन युगमा प्रजाति बोध र भिन्नताका लागि शरीरमा आफ्ना आफ्ना जातिगत चिह्न तथा 'टोटेम' धारण गर्ने गरिएको पनि सो अभिव्यक्तिले सङ्केत गर्दछ । यस उपन्यासमा चित्रण गरिएका भिल्ल समुदायका मानिसले लगाएका मयूरपङ्ख र कौडीका झुप्पालाई सोही प्रजातिबोधक गणचिह्न तथा टोटेमको रूपमा लिइएको छ । यसरी अनार्य प्रजाति समुदायभित्र पनि किरात र भिल्ललाई फरक जाति समूहको रूपमा औँल्याउने औपन्यासिकता *सुम्निमा* भित्र भएको स्पष्ट हुन्छ ।

कोइरालाको *सुम्निमा* उपन्यासमा अलग अलग प्रजातिका सामाजिक सांस्कृतिक समूहका बिचमा द्वन्द्वात्मकता र समन्वयात्मकता जस्ता दुई विपरीत विचारको प्रकटीकरण

गरिएको छ । प्रजातीय भिन्नताले निर्माण गरेको मनस्संरचनाबाट द्वन्द्वात्मक साथै समन्वयात्मक परिवेशको सिर्जना भएको र उनीहरूमा तदनुसारको युगचेतना विकास भएको अवस्थालाई यस कृतिमा अभिव्यक्त गरिएको छ । मूलतः आर्य समुदायले अध्यात्मवाद र अनार्य समुदायले भौतिकवादको पक्षपोषण गरेको र यिनका बिचमा द्वन्द्वको सम्भावनासँगै समन्वयको बिन्दु खोजिएको अभिव्यक्ति उपन्यासकारले दिएका छन् । मानव जीवनलाई सही तरिकाले गतिशील बनाएर अघि बढाउन तथा भोग्न आत्मवाद र शरीरवादको सन्तुलन हुनुपर्नेमा *सुम्निमा* उपन्यास केन्द्रित भएको छ (कक्षपती, २०७३, पृ.३५३) । सोमदत्त र सुम्निमाले प्रतिनिधि पात्रका आर्य र अनार्यका बिचमा प्रजातिगत स्वभाव, भिन्न पर्यावरणीय हुर्काइ र सापेक्ष युग चेतनाको कारण विपरीत विचार तथा व्यवहार, विकर्षणजन्य द्वन्द्व र तनावका साथै मानवीय प्रेम, अभिरुचि, आत्मीयता, आकर्षण, समन्वय एवं सद्भावको खोजीसमेत अभिव्यक्त भएको छ । भिन्न प्रजातिगत सांस्कृतिक चेतनाले उत्पन्न गरेको विपरीत दृष्टिकोणलाई *सुम्निमा*मा व्यक्त तलको उद्धरणले यसको पुष्टि गर्छ-

> सोमदत्तले भन्यो-"शरीर पापको खाडल हो, र त्यसैको तिमी प्रशंसा गर्छ्यौ सुम्निमा !" सुम्निमाले निश्वास फालेर भनी-"तिमी त जेमा पनि पाप मात्रै देख्छौ-हिंसामा, गाईको मासुमा, एकाबिहानै ननुहाउनुमा, जप नगर्दामा अनि राम्रो जीउ हुनमा...। यसरी पापैपापले चारैतिरबाट घेरिएर बस्नुपर्दा तिमीलाई कस्तो सास्ती हुँदो हो, कठै !"...एकछिनसम्म चुप रहेपछि सोमदत्तले भन्यो,-सुम्निमा ! तिमी आफ्नो शरीरलाई ढाक्ने गर ।" (पृ.१८)

आर्य र अनार्य प्रजातिगत स्वभाव, आआफ्ना परिवेशले निर्माण गरेका जीवनदृष्टि, सामाजिक, सांस्कृतिक र प्राकृतिक वातावरणप्रति उत्पन्न भएका युगचेतनाको द्वन्द्वात्मक चिन्तनलाई उपर्युक्त औपन्यासिक संवादले प्रकट गरेको छ । यस कृतिले समान र असमान चेतनाको बिचबाट समान र संयोजनतर्फ अभिमुख प्रजातीय अन्तरघुलनलाई प्रस्तुत गरेको छ। भिन्नताका बिचमा समानताको उपस्थिति पनि यहाँ देखाइएको छ। सोमदत्तसित भेट नभएको दिन सुम्निमा रुँदै घर गएको परिघटनाले उनीहरूका बिचमा भित्र प्रेमिल सम्बन्ध पनि विकसित भएको विवेच्य उपन्यासमा जनाइएको छ (पृ.११) । आर्य र किरातको विजातीय रक्तसम्बन्धका रूपमा मानसिक र अवचेतनका स्तरमा भए तापनि मनोरक्तमिश्रण भएको घटनामा सोमदत्त र सुम्निमा साथै भिल्लयुवक र पुलोमाबिचको सम्बन्ध तिनका पछिल्ला पुस्तामा विवाहमा पुगेर झन् बढी निखारपन आएको छ (गौतम, २०७३, पृ.२८७) । औपन्यासिक कथानकका रूपमा उपन्यास स्रष्टाले सोमदत्तको छोरा र सुम्निमाकी छोरीको सम्मिलन गराएकाले प्रजातिगत मिलनको आवश्यकतालाई अझै स्पष्ट्याउने काम भएको छ ।

यसरी *सुम्निमा* उपन्यासमा फरक फरक प्रजातिगत स्वरूपलाई प्राचीन समाजको सांस्कृतिक युगचेतनाको रूपमा लिएर त्यसबाट उत्पन्न द्वन्द्वलाई समन्वयतर्फ अभिमुख गराउने प्रजातीय संरचनालाई व्यक्त गरिएको छ । एक अर्काको प्रजातिगत पहिचानको निरन्तरतामा निर्मित सांस्कृतिक मूल्य र मान्यतामाथि धावा गरेको शङ्का र आरोपलाई यस कृतिमा प्रस्तुत गरिएको छ । त्यस द्वन्द्वात्मक धारलाई समन्वयतर्फ लैजाने मानवीय सम्मिलनको साझा जातीय मिलन बिन्दुउन्मुख सहभाव तथा सहकार्यको नयाँ मानव सभ्यतालाई यसमा औँल्याइएको छ । सांस्कृतिक मानसिकता, शारीरिक र रीतिरिवाजका रूपमा अलग देखिए तापनि मानवीय प्रकृतिका आधारमा अन्तरघुलनको सम्बन्ध र संयोजनको सम्भावनालाई सापेक्ष बनाइएको प्रजातिगत स्वरूपको अभिव्यक्ति *सुम्निमा* उपन्यासमा भएको छ ।

## क्षणको परिप्रेक्ष्यमा 'सुम्निमा' उपन्यासको समाजशास्त्र

क्षण अर्थात् समयबोधक अवस्था भनेको युगचेतना हो । साहित्यकारको सिर्जनामा भिन्न भिन्न युगको भिन्न प्रभाव र विशेषता अभिव्यक्त भएको हुन्छ । युगचेतनाको प्रभाव लेखक, साहित्यिक कृतिको पात्र र पाठक वर्गमा पनि पर्दछ । क्षण तथा युगचेतनाको अभिव्यक्ति सामान्यतः पात्रका माध्यमबाट बाहिर आएको हुन्छ । यसको सापेक्ष सम्बन्ध पर्यावरण अर्थात् जलवायु, सामाजिक-सांस्कृतिक विशिष्टता अनि पात्रको प्रजातिगत गुणसँग पनि रहेको हुन्छ ।

*सुम्निमा* उपन्यासमा विशिष्ट क्षण तथा युगचेतनाका रूपमा प्राचीन समयको मानव सभ्यता, सामाजिक अवस्था, सांस्कृतिक चेतनाको विकासलाई चित्रण गरिएको छ । यस कृतिमा प्रयुक्त समाज मनोविज्ञान, सांस्कृतिक भूगोलको विशिष्ट चरित्र र मानवीय सभ्यताले जातिगत विषमतालाई चित्रण गरेको छ । तर त्यो अवस्था प्राचीन अतीतको परिघटना भएको र बिस्तारै त्यसबाट अगाडि सकारात्मक पुस्तान्तरणतर्फ युगचेतनाको रूपान्तरण भएको स्पष्ट पारेको छ । *सुम्निमा* उपन्यासको क्षणगत अवस्था तथा युगचेतना प्राचीन, मिथकीय, पौराणिक, स्मृति र विस्मृतियुक्त समाजको भएको स्वयं स्रष्टाले नै उल्लेख गरेका छन् । यसलाई स्पष्ट पार्ने सो कृतिको साक्ष्य अंश यस्तो छ-

> धेरै धेरै पहिलेको कथा हो यो, अतीतको यति धमिलो गर्भबाट आएको कि वर्तमानमा हाम्रो कानमा यो पुराणजस्तो ध्वनित हुन्छ ।...त्यसैले यो कथा सत्य र असत्यको तराजुमा नजोखिने एउटा वृत्तान्त हो । यसको महत्त्व पौराणिक छ, सङ्केतमय, प्रतीकात्मक ।...जुन कालको यो वृत्तान्त हो त्यस बेला विश्वामित्र एउटा पौराणिक ऋषिका रूपमा मात्र स्मरणीय थिए । ...एउटा उच्च स्थलको चिह्नको प्रमाणबाहेक अरू केही नरहेकोले अनुश्रुतिको

> ऐतिहासिकतालाई बल प्राप्त हुन सकेन । उत्तर पहाड भेगपट्टि किरातीहरू आफ्नो पुरानो स्थितिमा रहे ।(पृ.२)

उपर्युक्त अभिव्यक्तिले उपन्यासको समयरेखा पौराणिक पात्र विश्वामित्रको युगसम्मलाई सङ्केत गरेको छ । उपन्यासकारले यो कृतिको विषयवस्तुमाथि निश्चित काल निर्धारण गर्न नसकिने अति प्राचीन र प्रतीकका रूपमा मात्रै अभिव्यञ्जित समाज रहेको बताएका छन् । उनले अनुश्रुतिमूलक युगीन क्षणलाई प्रयोग गरिएको स्पष्ट पारेका छन् । उक्त साक्ष्यका अनुसार यस कृतिमा अनुश्रुतिकालीन क्षणको विशिष्ट परिवेशलाई प्रकृतीकरण र मानवीकरण गरी *सुम्निमा* उपन्यासमा आर्य र अनार्य समाजको प्राचीन युगचेतनालाई समाजशास्त्रीय स्वरूपमा औपन्यासिक आयाम प्रदान गरिएको छ । अति प्राचीन कालदेखि मानव सभ्यता र समाजमा विकसित सम र विषम क्षणगत स्वरूपलाई प्रभाव पार्ने प्रजातिगत संस्कृति, धर्म, संस्कार र दर्शनले निर्माण गर्दै आएको युगचेतनाको संरचनालाई *सुम्निमा* उपन्यासमा प्रस्तुत गरिएको छ ।

विवेच्य कृतिमा आत्मवाद र देहवादको द्वन्द्वमा परेर त्यसबाट वस्तुगत समाधान निकाल्न नसकेका सोमदत्त र पुलोमा जस्ता धार्मिक आस्थामा जड भएका पात्रहरूको विचलित चेतनालाई अभिव्यक्त गरिएको छ । प्रकृतिप्रेमी अनार्य नारी प्रतिनिधि सुम्निमालाई नग्न र जङ्गली भन्दै पापको प्रतीक शरीर छोप्न आदेश गर्ने सोमदत्तले अन्तमा त्यही सुम्निमालाई मानस पत्नी बनाएर आफ्नी पत्नीमा गर्भाधान गर्न र सन्तान जन्माउन सफल भएको विशेष क्षणगत संरचना यस उपन्यासमा प्रकट भएको छ । त्यसैगरी आर्यदर्शन र धर्मग्रन्थले परिपाक भएकी पुलोमाले पनि अनार्य भिल्ललाई मानस प्रेमीको रूपमा वरण गरेपछि मात्र आत्मीय सुख प्राप्त गरी गर्भवती तथा पुत्रवती भएकीले त्यस प्रकारको अन्तर्द्वन्द्वात्मक विषम क्षणले निर्माण गरेको चेतनालाई यस कृतिमा चित्रण गरिएको छ । मानव जीवनमा प्राकृतिक, जैविक इच्छालाई जबरजस्ती बन्द गर्नुको परिणाम र धर्मको अतिशय कठोर चेतनाभित्र रहनाले विचलनको चेतना जन्माएको विशेष क्षणगत अनुभूतिलाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ–

> कहिलेकाहीँ अत्यन्त विरक्तिका साथ सोमदत्त भन्थ्यो,- "यदि पितामाताको आज्ञा र धर्मशास्त्रको आदेशको बाध्यता नभएको भए म उहिल्यै सन्यासी भइसक्ने थिएँ ।"... पुलोमा पनि भन्थी,-"म पनि धर्मोपदेशको बाध्यताले यो वैवाहिक जीवनमा अडिरहेकी छु नत्र उहिल्यै तापसी भएर वनभित्र पसिसक्थेँ । प्रतिमासको पुत्रेष्टिको कठोर अनुष्ठान असह्य हुँदै आएको छ, कर्तव्यभावनाले मात्र म आफ्नो शरीरलाई यो घोर यातना प्रतिमास अर्पिन्छु ।" (पृ.४१-४२)

उल्लिखित अभिव्यक्तिले सोमदत्त र पुलोमालाई एउटा कठोर धार्मिक संस्कार र सांस्कृतिक चेतनाले प्रदान गरेको दबाबको परिणाम अन्ततः नकारात्मक हुन पुगेको विशिष्ट क्षण तथा युगचेतनालाई व्यक्त गरेको छ । यज्ञ अनुष्ठानमा कार्यरत ती पात्रहरू मनोवैज्ञानिक रूपमा कुण्ठित भएर बाँचेको र त्यसलाई आफ्नोतर्फबाट स्वतन्त्र निर्णय गरी सामना गर्न पनि नसक्नुको कारण कठोर धार्मिक आस्थाको गहिरो प्रभाव भएको उक्त अभिव्यक्तिले स्पष्ट गरेको छ । मानिसले प्रकृतिलाई जित्न खोज्दा त्यो असफल र अव्यावहारिक भएको र त्यसविपरीत प्रकृतिप्रेमी धर्म संस्कृतिबाट अनुप्रेरित प्रजातिगत पात्रहरू सुम्निमा र भिल्लकै मानस प्रेमी र प्रेमिका बन्नुपरेको विशिष्ट क्षणगत अवस्था तथा युगचेतनालाई यस उपन्यासमा चित्रण गरिएको छ । यस उपन्यासका पात्रहरू सोमदत्त, पुलोमा, सुम्निमा र भिल्लयुवकका बिचमा बनेको प्रत्यक्ष, अप्रत्यक्ष एवं भौतिक र मानस दृष्टिले भएका सांस्कृतिक विमर्श र यौनमनोदशाको विशेष चारित्रिक गठनबाट प्रतिनिधि घटनाका रूपमा सो क्षणगत स्वरूपको चित्रण गरिएको छ ।

*सुम्निमा* उपन्यासमा प्राकृतिक यथार्थ र मानव निर्मित धार्मिक संस्कारलाई तुलना गर्न लगाई मानव मनको प्राकृतिक पनलाई कुनै धर्मको रूढ बन्धन र चेतनाले प्रकृतिको स्वभावभन्दा विपरीत तहमा आदर्शीकृत गर्नु स्वाभाविक नभएको विशेष क्षणको उद्घाटन गरिएको छ । सांस्कृतिक समन्वयका निम्ति मानवले स्वतन्त्रताको उपभोग गर्न पाउनुपर्छ र त्यो नपाउँदाको अवस्था *सुम्निमा*को सोमदत्तले जस्तै विधि र निषेधको बन्धनमा पर्नुपर्ने क्षणगत संरचनालाई उपन्यासकारले औँल्याएका छन् । यस सम्बन्धमा घर्तीले यसरी समीक्षा गरेका छन्- “सोमदत्त अन्य केटाकेटीजस्तो स्वतन्त्र रूपले हुर्किन पाएको व्यक्ति होइन । पिताको कठोर अनुशासन र शास्त्रोक्त विधिनिषेधको बन्धनमा उसको बाल्यकाल बित्दछ । त्यसैले पिताको आदेश र शास्त्रोक्त नियमको पालना गर्नु ऊ आफ्नो धर्म ठान्दछ” (२०६७, पृ.२८४) । शास्त्रको विशेष दबाब र प्रभावमा परेको सोमदत्तको क्षणगत अनुभूतिलाई यहाँ समीक्षा गरिएको छ । कुनै एक प्रजाति, सामाजिक, सांस्कृतिक धर्मको आदेश मात्रै मानवीय सभ्यताको प्रधान र एकल शृङ्खला हुन नसक्ने विचारलाई पनि उपन्यासले उक्त युगचेतनामार्फत प्रकट गरेको छ ।

यसरी *सुम्निमा* उपन्यासमा मानव सभ्यताका विशिष्ट युगचेतनालाई समय सापेक्ष र विचार सापेक्ष रूपमा प्रतीकात्मक अर्थ सम्प्रेषण हुने गरी अभिव्यक्त गरिएको छ । सांस्कृतिक चेतनाको निर्माणमा भएका द्वन्द्वात्मक अवस्था र मानव समाजका आरोह-अवरोहका सम-विषम क्षणगत अवस्थालाई उपन्यासकारले समेट्ने प्रयत्न गरेका छन् । सांस्कृतिक मूल्य र मान्यताको सम्मान र सद्भाव हुन नसक्दा भएका क्षतिप्रति यस उपन्यासका पात्रहरूको पश्चात्ताप भाव उत्पन्न भएको युगचेतनालाई यस कृतिमा प्रस्तुत गरिएको छ ।

## पर्यावरणको परिप्रेक्ष्यमा 'सुम्निमा' उपन्यासको समाजशास्त्र

पर्यावरण अर्थात् परिवेश साहित्यिक अभिव्यक्तिका निम्ति अभिन्न भूमिकामा रहेको हुन्छ । यसले लेखकलाई साहित्य सिर्जनाका निम्ति प्रत्यक्ष प्रभाव पारेको हुन्छ । पर्यावरणको अभिव्यक्ति पात्रमार्फत साथै स्रष्टाको अभिव्यक्तिबाट वर्णन भएर पनि प्रस्तुत हुन्छ यहाँ सन्दर्भ सूचना दिए राम्रो । साहित्यमा पर्यावरणको पारस्परिक सम्बन्ध त्यस कृतिका पात्रको प्रजातिगत अवस्था र त्यो समय तथा युगचेतनासित रहेको हुन्छ ।

*सुम्निमा*मा प्राचीन सभ्यता, समाज र संस्कृतिको प्रतीकात्मक सन्दर्भमा प्राकृतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, वैयक्तिक, मनोवैज्ञानिक, लैङ्गिक, आदिवासी तथा स्थानीयपन जस्ता पर्यावरणको चित्रण गरिएको छ । वनजङ्गल, जलवायु तथा प्रकृतिको विशेष भूगोललाई भिन्न प्रजाति, संस्कृति र धार्मिक चेतनाका मानिसले आआफ्नो दृष्टिअनुसार दाबी गरेको र मानवीय एवं दैवी चिन्तनलाई समाज र संस्कृतिको पहिचान बनाउने प्रयत्न गरेको विशिष्ट परिवेशको संरचनालाई यस कृतिमा प्रस्तुत गरिएको छ । प्राकृतिक भूगोललाई सांस्कृतिक स्थानको रूपमा लिएकाले त्यसले द्वन्द्वको सिर्जना गरेको पर्यावरणलाई यस साक्ष्यले सङ्केत गरेको छ–

> भिल्लको भनाइ थियो, जङ्गलभित्र हामीले आफ्नो रीतिथिति छाड्न हुन्न, आश्रमलाई ध्वस्त पारेर ब्राह्मणपरिवारलाई लगारिदिनुपर्छ । सुम्निमाले नाकेस्वरमा बिस्तारै सोधी,–"अनि सोमदत्तको के हुन्छ बा ?" भिल्ल आफ्नो योजनाको वर्णनको प्रवाहमा भन्दै गयो,– "उनीहरू जहाँ जान मन लाग्छ जान्छन्, र यदि क्षत्रियहरू उनीहरूलाई फेरि यहाँ जमाउन आए भने युद्ध घोषणा गर्नुपर्छ–समर रचाइनुपर्छ ।" (पृ.१२)

उक्त औपन्यासिक साक्ष्यले प्राचीन कालमा आदिवासीहरूको भूमि आर्य समूहले नियन्त्रण गरेको र त्यस विरुद्ध अनार्य समाजले प्रतिरोध गरेको सांस्कृतिक, प्रजातिगत युद्धको पर्यावरणलाई प्रकट गरेको छ । रीतिथिती तथा संस्कारको पहिचानलाई छाड्न नसक्ने भिल्लको उद्घोषले सांस्कृतिक, धार्मिक अतिक्रमणमा परेका उत्पीडित पक्षको मानसिक संरचना युद्धोन्मुख भएको परिवेशको झलक यसबाट बोध भएको छ । समाजमा विपरीत सांस्कृतिक ध्रुवका कारण द्वन्द्वको वातावरण निर्माण भएको साथै लामो समयको मुटावले मानव जातिलाई हानि पुग्दै गएकाले समन्वय र सहकार्यको बिन्दु पहिल्याउने सन्तुलित समाजको प्रयत्न भएको परिवेशलाई पनि यस कृतिमा प्रस्तुत गरिएको छ । यस सन्दर्भको साक्ष्यलाई *सुम्निमा*बाट यसरी राखिएको छ–

> भिल्ल आवेगमै थियो । उसले झोंक्किएर भन्यो,- "मरे पनि के त, धर्म नै हुन्छ, पुण्य नै हुन्छ ।" बिजुवाले सम्झायो,-"भिल्लयुवक ! तिमी ता आर्यहरूकै जस्तो कुरा गरिरहेका छौ- मरेपछि पाइने धर्म र पुण्यका कुरा । ...उनीहरूले एउटा ठूलो महाभारत धर्मको नाउँमा गरे । के पाए, लासैलासको पर्वतबाहेक ? अहँ, म तिम्रो 'युद्ध गर्नुपर्छ' भन्ने सल्लाह मान्दिनँ । उनीहरूको साँधभित्र गाई काट्न दिँदैनन् भने गाई काट्न पाएनौँ भनेर हामी आफैँ काटिन खोज्नु बेस होइन ।" (पृ.१३)

उपन्यासकारले धार्मिक मुटाव, पहिचान तथा अस्तित्वको युद्धको प्राचीन पर्यावरणलाई तत्कालीन समाज र संस्कृतिको सापेक्षतामा प्रतिबिम्बन गरेका छन् । उनले महाभारत युद्धको पौराणिक परिवेशलाई पनि सन्दर्भ बनाएर धर्मको नाममा भएका काटमार बन्द गर्नुपर्ने समन्वयवादी परिवेश निर्माणको प्रयत्नलाई बिजुवाको माध्यमबाट प्रकट गरेका छन् । सो प्रस्तुतिअनुसार समाजशास्त्रीय दृष्टिले प्रजाति, युगबोध र परिवेशको आपसी टकरावबाट मानव सभ्यता संयोजनकारी मार्गमा रूपान्तरण हुँदै गएको सङ्केतलाई यस उपन्यासमा अघि सारिएको छ ।

*सुम्निमा* उपन्यासमा भौगोलिक प्रकृति र मानव निर्मित सामाजिक-सांस्कृतिक पर्यावरणको सम्मिश्रणलाई समेटिएको छ । कोसी सभ्यताको आसपासमा आर्य र किरातहरूले विभिन्न युगमा आफ्नो पहिचान बसाएको पर्यावरणीय पक्षलाई सो कृतिमा उल्लेख गरिएको छ । यस सन्दर्भमा मैनाली लेख्छन्-"सांस्कृतिक पूर्वाधारको कथ्य उपकथाका रूपमा समावेश गरिएको सुम्निमाको कथा विश्वामित्रको शेषपछि उपन्यासभूमि कौशिकी नदीको तिरभूमि शून्यमा अड्किन पुगेको प्रसङ्गबाट आरम्भ भएको छ" (२०६६, पृ. ९२) । कोसी वरपरको चतरा, वराह क्षेत्र जस्ता स्थानमा प्रकृति र सांस्कृतिक सभ्यतासमेत ऐतिहासिक युगदेखि नै उल्लेखनीय भएको र सो पर्यावरणलाई यस उपन्यासमा समेटिएको यस समीक्षाले औँल्याएको छ । प्राचीनतालाई आजको युगसित जोड्ने गरी अलग संस्कृति र पहिचानमाथि अतिक्रमण भएको द्वन्द्वात्मक परिवेशलाई उपन्यास स्रष्टा कोइरालाले व्यक्त गरेका छन् । किरात जातिको धर्म प्राकृतिक, उदार र मानवीय सरलताको धर्म रहेको तथा आर्य प्रजातिमा स्थापित गरिएको रूढ र बलजफ्ती कामवासना दबाउने प्रकृति विपरीतको पर्यावरणलाई सुम्निमाको विशेष वातावरण बनाइएको छ (खनाल, २०६६, पृ.३३) । प्रकृतिलाई नै धर्म मान्ने प्राचीन किरात जातिले आर्य समूहको आश्रम निर्माणमा पनि सहयोग गरेको र आदिवासीको रूपमा स्थापित आफ्नो स्थान उदार भएर छाड्दै आएको सहिष्णुतामूलक सांस्कृतिक पर्यावरणलाई यस कृतिमा प्रस्तुत गरिएको छ । प्रकृति नै मानव जीवनका लागि नैसर्गिक चेतनाको कारक भएको अवस्थालाई हाचेकालीको समीक्षाले

यसरी सङ्केत गरेको छ–"सुम्निमाले सोमदत्तलाई प्रकृतिमा फर्काउनका लागि मनुवादहमा लैजान्छे । सोमदत्तको रिसाएको मनुवालाई पुनरागमन गराइदिन्छे । मनुवा भनेको यो सन्दर्भमा नैसर्गिक यौनचेतना भनेर बुझ्न सकिन्छ" (२०६६, पृ. ११८) । यहाँ मनुवा शब्दलाई विशिष्ट परिवेशमा विशेष अर्थ सम्प्रेषणका निम्ति प्रयोग गरिएको छ । उपन्यासकारले किराती सभ्यतामा प्रकृतिलाई आत्मसात गरिएको औँल्याउँदै त्यसविपरीत जैविक, प्राकृतिक रूपमा सञ्चालित कामवासनामाथि अप्राकृतिक बनेर नियन्त्रण गर्न खोज्ने कठोर शास्त्रवादीप्रति कटाक्ष गरिएको युगीन पर्यावरणलाई व्यक्त गरेका छन् ।

यसरी *सुम्निमा* उपन्यासमा प्राचीन युगलाई प्रतीक बनाएर सभ्यता, समाज, संस्कृति र प्राकृतिक वातावरणको विविधतालाई व्यक्त गरिएको छ । पृथ्वीको एउटै भूगोलमा भिन्न संस्कार र संस्कृतिको निर्माण भएको तर ती सबै जाति, युग तथा क्षणको संस्कृतिमा मानवीय गुणको औचित्य पुष्टि भएको विशिष्ट पर्यावरणलाई यस कृतिमा अभिव्यक्त गरिएको छ ।

**निष्कर्ष**

प्रजातिको परिप्रेक्ष्यमा *सुम्निमा*मा मूलतः अनार्य र आर्य प्रजातिको सभ्यता, सामाजिकता, सांस्कृतिक चेतना, संस्कार निर्माण, धार्मिक मूल्य र मान्यताको प्राचीन संरचना अभिव्यक्त छ । आर्य र अनार्य प्रजातिका पात्रहरूको प्रयोगबाट यसमा भिन्न चेतना र मूल्यमान्यताले सिर्जना गरेका द्वन्द्वात्मक पक्षाको उद्घाटन गरिएको छ । अनार्य प्रजातिको प्रकृतिमैत्री सांस्कृतिक चेतना र आर्य प्रजातिको शास्त्रनिर्देशित कठोर आदर्श चेतनाको तुलनात्मक स्वरूप राख्दै प्रकृतिअनुकूलको संस्कृतिलाई प्राथमिकता दिनुपर्नेमा उपन्यासको प्रजातीय अभिव्यक्ति केन्द्रित भएको छ । भिन्नताका बिचबाट समन्वय र साझा मानकहरूको खोजी गरी नवीन पुस्तामा प्रजातीय अन्तरघुलन गराउनुपर्ने युगबोधलाई यसमा प्रकट गरिएको छ ।

क्षणको परिप्रेक्ष्यमा *सुम्निमा*मा मानव सभ्यताको शृङ्खलामा निर्माण भएका सामाजिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विशिष्टताको विशेष क्षण तथा युगचेतनालाई प्रकट गरिएको छ । मानव समाजमा आफ्नो अस्तित्व रक्षाका निम्ति आफूमा विकसित चेतना शक्तिलाई आर्य र अनार्य दुवै समूहले स्थापित गर्ने क्रममा उत्पन्न विशिष्ट क्षणगत संरचनालाई यस कृतिमा अभिव्यक्त गरिएको छ । समयको अन्तरालमा आफूले अँगालेका मूल्यमान्यताको परिणाम विपरीत रूपमा प्रकट हुँदा क्षणगत अनुभूतिमा पनि परिवर्तन आएको र यसले मानवीय संस्कृतिको सम्मान र सहभाव राख्ने क्षणको निर्माण भएको अवस्थालाई चित्रण गरको छ ।

पर्यावरणको परिप्रेक्ष्यमा *सुम्निमा*मा प्राकृतिक पर्यावरणको रूपमा कोसी सभ्यता र हिमाली तथा पहाडी भूगोल समेटिएको छ भने सामाजिक र सांस्कृतिक पर्यावरणको रूपमा आर्य र अनार्य सभ्यताका द्वन्द्व र समन्वयको विशेष पर्यावरणलाई व्यक्त गरिएको छ । जातिगत भिन्नताले निर्माण गरेका विभेदका रेखालाई क्रमशः अन्त गर्दै सांस्कृतिक अन्तर्मिश्रण र संयोजनकारी बौद्धिक चेतनाको सामाजिक परिवेश उन्मुख वातावरणलाई यस कृतिमा चित्रण गरिएको छ ।

यसरी *सुम्निमा* उपन्यासमा पूर्वीय मानव सभ्यतामा प्राचीन पौराणिक युगदेखि निर्मित आर्य र अनार्य प्रजातिगत स्वरूप तथा तिनका सामान्य र विशेष आग्रह, सांस्कृतिक भिन्नताले बनाएका विशिष्ट क्षण तथा युगचेतना र प्राकृतिक र सामाजिक-सांस्कृतिक विशिष्टतामा यी दुई प्रजातिको भूमिकाबाट निर्माण भएको विशेष प्रजातीय संरचना, युगचेतना र पर्यावरणीय संरचनालाई व्यक्त गरिएको छ । यसरी निर्माण भएको विशिष्ट समाजका आयामहरूलाई चित्रण गरेर *सुम्निमा* उपन्यासमा साझा, प्रकृतिमैत्री, सरल र मिश्रित प्रजातीय समाज, सांस्कृतिक चिन्तन र समन्वयात्मक मानव सभ्यतातर्फ विकसित जीवन पद्धति बनाउनुपर्ने सङ्केत गरिएको छ ।

## सन्दर्भ सामग्रीहरू

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६६).*प्रयोगात्मक नेपाली शब्दकोश.* सम्पा.काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

कक्षापती, सावित्री (२०७३).सांस्कृतिक समन्वयवादी चिन्तनको परिधिमा 'सुम्निमा'.*भृकुटी.* पृ.३५०-३५५ ।

कोइराला, कुमारप्रसाद (२०७१).समाजशास्त्रीय दृष्टिले बिपीका आख्यान.*दायित्व.* २८/८७.पृ.१५२-१६१ ।

कोइराला, विश्वेश्वरप्रसाद (२०६३).*सुम्निमा.* (चौथो संस्करण). ललितपुर : साझा प्रकाशन ।

खनाल, केदार (२०६६). सांस्कृतिक सहिष्णुता र जातीय समन्वयको वेणी सुम्निमा.*साहित्यमा विश्वेश्वर.* सम्पा.पुष्कर लोहनी/श्रीराम श्रेष्ठ. पृ.३१-३५ ।

गिरी, अमर (२०७३). कोइरालाको साहित्य चिन्तन. *भृकुटी.* पृ. १-१५ ।

गुप्ता, विश्वम्भरदयाल (सन् १९८९). *साहित्य का समाजशास्त्र.*(दोस्रो संस्क.) भारतः सीता-प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०७३).विश्वेश्वरप्रसाद कोइरालाका आख्यानमा विजातीय रक्तसम्बन्ध'. *भृकुटी*. पृ.२७८-२९६ ।

घर्ती, दुर्गाहादुर (२०६७) *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविान*. ललितपुर : साझा प्रकाशन ।

तेन, हिप्पोलाइट एडोल्फ (सन् १८७१). *हिस्ट्री अफ इङ्लिस लिटरेचर*. (अनु. भी. हाङ लाउन).भोलम १. न्युयोर्क : विलियम्स एच.एल.टिडी.।

पाण्डेय, मैनेजर (सन् १९८९). *साहित्य के समाजशास्त्र की भूमिका*. भारत, चण्डीगढ : हरियाणा साहित्य अकादमी ।

मैनाली, युवराज (२०६६). औपन्यासिक वृत्तमा बीपीको 'सुम्निमा'.*साहित्यमा विश्वेश्वर*. सम्पा.पुष्कर लोहनी/श्रीराम श्रेष्ठ. पृ.८७-९८ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६६). *शोधविधि*. (चौथो संस्करण). ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७७). *साहित्यको अनुसन्धान व्यवस्थापन*. काठमाडौँ : शिखा बुक्स ।

सिलवाल, हरिप्रसाद (२०७४). *मदनमणि दीक्षितका उपन्यासको समाजशास्त्र*. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

सिंह, बच्चन (सन् २००७).*साहित्य का समाजशास्त्र*. इलाहाबाद.लोकभारती प्रकाशन ।

हाचेकाली, सुरेश (२०६६).'सुम्निमा'भित्र वर्णशङ्कर संस्कृतिको अवधारणा.*साहित्यमा विश्वेश्वर*. सम्पा.पुष्कर लोहनी/श्रीराम श्रेष्ठ. पृ.११३-१२१ ।